अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश,नेपाल
२०७३

आज मिति २०८१।०५।२४ गते (ने.स. ११४४ ञलाथ्व षष्ठी) सोमबारका दिन दिनको ४:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८१/८२ को पाँचौ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| हरिकृष्ण आचार्य | सदस्य-सचिव (नि.प्रमुख प्रशासकीय अधिकृत) | |
| भिम बहादुर सेर्पुजा | का.वा. वडाध्यक्ष ( वडा नं ४)- आमन्त्रित सदस्य | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| रमेश थापा | सूचना प्रविधि अधिकृत | |
| | | |
| | | |
| | | |

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल।

अन्नपूर्ण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश,नेपाल २०७३

कार्यपालिका बैठक मिति : २०८१।०५।२४ गते

समय : दिनको ४:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०५।२४ गते

**मिति २०८१।०५।२४ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु**

प्रस्ताव नं. १ 'पुनहिलमा क्यान्टिङ सञ्चालन र प्रवेश शुल्क संकलन' सम्बन्धमा

भरत कुमार पुन
अध्यक्ष

नि.प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा 'पुनहिलमा क्यान्टिङ सञ्चालन र प्रवेश शुल्क संकलन' सम्बन्धमा तपसिल बमोजिम गर्ने ।

१. गाउँपालिकाको राजश्व परामर्श समितिको मिति २०८१।०५।२४ गतेको बैठकले "पुनहिलमा क्यान्टिङ सञ्चालन र प्रवेश शुल्क संकलन" सम्बन्धमा गाउँपालिका कार्यालयबाट ३ पटक सम्म आय ठेक्का सम्बन्धी सार्वजनिक सुचना प्रकाशन गर्दा कुनै पनी बौलपत्र नपरेकाले गाउँसभाद्वारा निर्धारित न्यूनतम अंक रु ५५ लाख पुनरावलोकन गरी रु ४९,५०,०००/- ( अक्षरुपी उन्पचास लाख पचास हजार रुपैया) तोक्ने निर्णयलाई अनुमोदन गर्ने ।

२. पुनहिलमा क्यान्टिङ सञ्चालन र प्रवेश शुल्क संकलनको लागि आय ठेक्का व्यवस्थापनको लागि ३ पटक सम्म सार्वजनिक सूचना आह्वान भईसकेकाले र अन्नपूर्ण गाउँपालिकाको खरिद नियमावली, २०७६ को नियम १३८ अनुसार पून:आय ठेक्काको सूचना एक महिनाको म्याद राखेर प्रकाशन गर्दा आय ठेक्का संकलनमा प्रत्यक्ष असर पर्ने हुदा अब सूचना प्रकाशन गर्दा १ हप्ताको म्याद राख्ने ।